नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १९५ २०७७ साल फागुन २१ गते शुक्रबार (5 Mar. 2021 Friday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म  कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अब विप्लवको राजनीतिक... ३ पृष्ठमा : बुद्धएयरले जनकपुर-अयोध्यामा ... ३ पृष्ठमा म्यान्मारमा सेनाको गोली...

# करोडौं रकम लिएर फरार व्यापारी दाजुभाई बिरुद्ध प्रहरीमा उजुरी दिनेको ओइरो



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

राजविराजस्थित एक आइएमई संचालक दाजुभाईले विदेशबाट आफन्तले पठाएको रकम झिकेर सम्पर्क बिहीन भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिनेहरुको ओइरो लाग्न थालेको छ ।

राजविराजको मुटु मानिने गजेन्द्र चौकमा कपडा पसलसँगै आइएमईसमेत संचालन गरि बसेका संचालक दाजुभाई संजय सिन्धी र सुनिल सिन्धी पसल र अफिस दुबै बन्द गरेर चार दिनदेखी फरार भएपछि प्रहरीमा पीडितहरुद्वारा उजुरी दिनेको आइरो लागेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं डिएसपी भुवनेश्वर साहका अनुसार बिहीबारसम्ममा १६ जनाले सिन्धी दाजुभाई बिरुद्ध झण्डै ७६ लाख रुँपैया लिएर भागेको भन्दै ठाडो उजुरी दिएका छन् ।

उक्त उजुरी उपर छानबिन तथा फरार रहेका सिन्धी दाजुभाईको खोजिकार्य जारि रहेको बताउँदै उनले सबै पीडितको संख्या यकिन गरिसकेपछि अनुसन्धानलाई अझ फराकिलो र तिब्र बनाउँदै लगिने बताए ।

चार दिनदेखी फरार रहेका सिन्धी दाजुभाई आफ्नो परिवारसहित नाममा रहेको सबै सम्पत्ति समेत गोप्य ढंगले बिक्रि गरि आइएमईबाट विदेशका विभिन्न स्थानबाट पठाइएका रकम पनि हिनामिना गरेर फरार भएको र यसबारे गहिरो अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

अनुसन्धानको क्रममा विदेशबाट पठाएको रकम आफन्तले लिन जाँदा तिन दिन अघि कतिपयसँग भुक्तानी लिएको रसिदमा सही छाप गराएको पाइएको छ ।

भुक्तानी लिन बाँकी रहेकाहरुका साथै सुनचाँदी बन्धकी जग्गा धितो वापतको रकम लगायतका विषयमा समेत धमाधम ठूलो संख्यामा उजुरी आउन थालेकाले ५० करोड भन्दा बढी रकम घोटाला भएको अनुमान गरिएको छ ।

## बलात्कार आरोपित पक्राउ

सप्तरी, २० फागुन (रासस) ।

एक वर्षअघि भएको बलात्कार घटनाका आरोपित खडक नगरपालिका-७ कल्याणपुरका २५ वर्षीय एक युवकलाई प्रहरीले बिहीबार पक्राउ गरेको छ ।

एक्काइस वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा फरार उनलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय

*बाँकी अन्तिम पृष्ठमा*






## सम्पादकीय

# दुर्घटनाबाट जोगिन आफै सचेत रहौं

दुर्घटना भनेकै भवितव्य हो । यो कसैलाई भनेर वा जानी जानी हुने होइन् । यसका लागि आफै सचेत हुनु आवश्यक छ । तर, कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ । सप्तरीमा अहिले सडक दुर्घटना बढेको छ । बाटोघाँटोको समस्या त छदैछ त्यसमा पनि राम्रो बाटो हुने स्थानमा चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको पाइएको छ ।

अहिले सप्तरीका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन् । त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ । कारण चालकको लापरवाही तथा सवारीसाधन बढी गतिमा चलाउनाले । त्यसमा पनि मोटरसाइकलमा तीन जना सवार भएको दुर्घटना भएको सुन्न पाइन्छ । यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ ।

तसर्थ सवारीसाधन चलाउँदा चालक आफै सयमित हुनुका साथै सचेत पनि हुनुपर्दछ । सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनाबाट जोगिन सकिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अब विप्लवको राजनीतिक रणनीति के ? को हुन नेत्रविक्रम चन्द



नेत्रविक्रम चन्दको जन्म २०२४ साल फागुन ११ गते रोल्पा जिल्लाको केवरी भन्ने ठाउँमा भएको थियो । उनको बुबाको नाम चित्रबहादुर चन्द हो भने आमाको नाम खुसीमाया घर्ती हो भने उनी परिवारका कान्छो सन्तान हुन् ।

उनको मध्यम वर्गीय परिवारमा जन्मिएका थिए । बाल्यकाल रोल्पा मैं बिताएका उनले सदरमुकाम लिवाङ स्थित बालकल्याण माध्यमिक विद्यालयबाट १९ वर्षको उमेरमा प्रवेशिका परिक्षा उतिर्ण गरेका थिए । उच्च शिक्षा हासिल गर्ने उद्देशका साथ उनी काठमाडौं गएका थिए जहाँ उनले नेपाल कानुन क्याम्पसमा कानुन विषयमा भर्ना भएका थिए । उनले २०३९ सालमा अखिल छैठौं नामक विद्यार्थी सङ्गठनबाट राजनीति यात्रा सुरु गरेका थिए भने उनले ४ वर्ष मै विद्यार्थीहरूको प्रतिनिधित्व गर्दै रोल्पा जिल्लाको अध्यक्ष बनेका थिए । तात्कालिक समयमा एकता मसालको सदस्य बनेका चन्द सक्रिय राजनीतिमा अगाडि बढेका थिए ।

२०४५ सालमा उनको परिवार रोल्पाबाट कपिलवस्तु बसाइँ सरेको थियो। माओवादीले जनयुद्ध सुरु गर्दा विप्लव विद्यार्थी सङ्गठनका उपाध्यक्ष थिए । जनयुद्धलाई प्रत्यक्ष रूपमा समर्थन गरेका उनले यसका लागि हातहतियार समेत सङ्कलन गर्न सुरु गरेका थिए । तत्कालीन माओवादीले २०५२ फागुन १ गतेबाट सशस्त्र द्वन्द्वको थालनी गर्दा उनले विद्यार्थी राजनीतिसँगै पार्टीको ललितपुर सचिवको जिम्मेवारी बहन गरेका थिए । २०५४ सालमा, कर्णाली उपक्षेत्रीय ब्युरो इन्चार्ज बनेका उनले त्यस उता आफूलाई सक्रिय राजनीतिमा अगाडि बढाउँदै लगेका थिए । माओवादीले २०५५ सालको भदौमा गरेको चौथो विस्तारित बैठकका उनी केन्द्रीय सदस्य बनेका थिए भने २०५९ सालमा माओवादीका निति निर्माता समितिको सदस्य बनेका उनी २०६१ सालमा रोल्पा, रूकुम आधार क्षेत्रको ब्युरो इन्चार्ज भएका थिए । कर्णाली क्षेत्रको जिम्मेवारी बहन गरेको समयमा उनले विभिन्न तरिकाहरूबाट प्रहरीहरूको हातहतियार खोस्न सफल भएका थिए । हातहतियार खोस्ने कामबाट सफलता प्राप्त गरेको उनलाई कामलाई पार्टी भित्र प्रशंसा गरिएको थियो भने उनी प्रचण्डका विश्वासका पात्र बनेका थिए । कालीकोट जिल्लाकोको पदमघाट प्रहरी चौकीका आक्रमण गर्दै १३ प्रहरीको राइफल खोसेको घटना सार्वजनिक भएसँगै उनी पार्टीभित्र चर्चित हुँदै गएका थिए ।

२०४६ सालको जनआन्दोलन पछि तत्कालीन चार कम्युनिस्ट पार्टीहरू मशाल चौथो महाधिवेशन, सर्वहारावादी श्रमिक सङ्गठन र विद्रोही मसाल मिलेर बनेको एकता केन्द्रको बनेको थियो जसको महामन्त्री प्रचण्ड बनेका थिए । त्यसपछि २०५१ सालमा पुन स् एकताकेन्द्र छुट्टीएर दुईवटा दलमा विभाजन भएपछि प्रचण्ड समूह चाहिँ नेकपा माओवादीका रूपमा देखा परेको थियो जसले एक वर्षपछि सशस्त्र विद्रोहको सुरुवात गरेको थियो । जनयुद्धको ५ मङ्सिर २०६३ मा सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता पश्चात् पुष्पकमल दाहाल प्रचण्ड, बाबुराम भट्टराईसँग उनको सम्बन्ध बिग्रिएको थियो । विस्तृत शान्ति सम्झौता गर्नु अघि आफूहरूसँग कुनैपनि छलफल नगरेको भन्दै विप्लव प्रचण्डसँग रूष्ट भएका थिए । दाहाल र बाबुराम भट्टराईसँग त्यतिबेलादेखि उनको अन्तरविरोध रहेको थियो । २२ साउन २०६४ मा, काठमाडौंको बालाजुमा भएको विस्तारित बैठकमा उनको अगुवाइ रहेको बहुमतको प्रतिनिधिले विद्रोहको कार्यनीतिबाट नेतृत्व पछि हटेको भन्दै विरोध गरेको थियो जसलाई तात्कालिक समयमा, मोहन वैद्य लगायका नेताहरूले समर्थन गरेका थिए ।

विसं २०६९ असारमा तात्कालिक समयमा पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरेका एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी नामक पार्टीबाट छुट्टिएका नेताहरूले मोहन वैद्यको नेतृत्वमा एक छुट्टै दल गठन गरेका थिए भने वैद्यले नेतृत्व गरेको नेकपा(माओवादी पनि क्रान्तिकारी हुन नसकेको भन्दै विसं २०७१ मङ्सिरमा उनले दल टुक्राउने घोषणा गरेका थिए भने यस दलको आधिकारिक नाम नेपाल कम्युनिस्ट पार्टी राखिएको थियो जसलाई सामान्यतया विप्लव माओवादी भनेर पनि चिन्ने गरिन्छ । सरकारले नेकपा विप्लव समूहलाई आपराधिक सङ्गठन भएको ठहर गर्दै प्रतिबन्ध लगाएको थियो । मन्त्रिपरिषद्को बैठकले नेपाल कम्युनिस्ट पार्टीलाई २९ फागुन २०७५ मा, समूहले आपराधिक क्रियाकलाप गरेको, विकासका पूर्वाधारहरूमाथि बम विस्फोट गरेको र व्यक्तिको शान्ति सुरक्षामथि आक्रमण गर्ने लगायतका कार्यहरू गरेको भन्दै सरकारले यस दललाई प्रतिबन्ध लगाएको थियो । तर जुन सरकारले प्रतिवन्ध लगाएको थियो उहि सरकार संग वार्ताको टेवलमा बसेर शान्तिपूर्ण राजनीतिमा वा खुल्ला राजनीतिमा आएका छन् । फागुन पहिलो साता बसेको केन्द्रीय समिति बैठकबाट विप्लव नेतृत्वको नेकपाले एउटा निर्णय पारित गऱ्यो सरकारी प्रतिबन्ध चिर्न शान्तिपूर्ण राजनीतिको कार्यदिशा अपनाउने । तर संसदीय व्यवस्था स्वीकार नगर्ने ।'

आज बिहान नेकपाको ओली समूहले नेतृत्व गरेको सरकार, अनि विप्लव समूहले नेतृत्व गरेको नेकपाबीच तीन बुँदे सहमतिमा यो शब्द परेको छैन । तर अर्न्तरबोलीमा यो रहेको, अनि नेकपा महासचिव नेत्रविक्रम चन्द 'विप्लव' स्वयंले भोलि शुक्रबार राजधानीमा हुने कार्यक्रममा यसबारे व्याख्या गर्ने विप्लव पक्षका शीर्षस्थ एक नेताले बताएका छन् । विप्लव र प्रधानमन्त्री केपी ओली दुवैले एकैसाथ भोलि दिउँसो राजधानीमा आयोजना हुने कार्यक्रममा एउटै मंचमा देखापर्ने छन्। विप्लवका एक नेताले भने आफ्नो पार्टी बैठकको यो निर्णयलाई व्याख्या गरे, 'संसदीय राजनीति स्वीकार्दा अहिले ओली र प्रचण्ड-देउवाको शैली स्वीकार्नुपर्छ । हामी शान्तिमा मात्रै आएका हौं । यसभन्दा बढी अरु केही होइन भनेर बुझ्नुस् ।' उनले ओली सरकारमा 'कुनै पनि बाटो' बाट सहभागी हुने सम्भावना नरहेको प्रष्ट गरे । चुनाव नलड्ने, अनि सरकारमा नजाने भए शान्तिपूर्ण राजनीतिको व्यावहारिक परीक्षण हुने थलो कहाँ होला त ? ती नेताले अब सडक आन्दोलन गर्ने, त्यसैबाट शक्ति स्थापित गर्दै लैजाने दाबी गरे । उनले २०७२ सालको महाधिवेशनबाट पारित गरेको 'एकीकृत जनक्रान्ति' को लक्ष्यबाट दायाँबायाँ नभएको पनि जोड दिए । विप्लवले भन्दै आएको एकीकृत जनक्रान्तिमा सहर र गाउँ जोडेर गरिने विद्रोह, अनि शान्तिपूर्ण संघर्षमा बल प्रयोग भए त्यसै अनुरुपको प्रतिवादको रणनीति समेटिएको थियो । तर सरकारी वार्ता टोलीका सदस्य राजन भट्टराईले बताए अनुसार अब हिंसात्मक क्रियाकलापमा विप्लव समूह भेटिने छैन । 'यसबारे गृहकार्यसहित हामी वार्तामा बसेका थियौं, अब उहाँहरूको राजनीति शान्तिपूर्ण प्रतिष्पर्धामार्फत् नै हुनेछ भन्ने हाम्रो निष्कर्ष हो ।'

वार्तामा खड्ग विश्वकर्मा प्रकान्ड, अनिल शर्मा विरही जुटेका थिए । गुणराज लोहनीलगायत नेताहरूले बाहिरी तयारी गरेका थिए । यस्तो छ विप्लव अवतरणको पृष्ठभूमि, संसद् नमान्ने चार घटक अब सँगै सडकमा प्रचलित कानुनमा हिंसामाथि प्रतिबन्ध व्यवस्था हुँदाहुँदै ओली सरकारले विप्लव समूहलाई थप प्रतिबन्ध लगाउँदा प्रश्नहरू पनि उठेका थिए । याद रहोस्, पृथकतावादी माग राखेर विगतमा राजनीतिक अभियान चलाउँदै आएका सीके राउतलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराएको भन्दै वाहवाही पाएको ओली सरकारले त्यसको लगत्तै विप्लव समूहमाथि प्रतिबन्ध लगाएको थियो । अहिले असंवैधानिक संसद विघटन निर्णय अदालतले बदर गरेसँगै ओलीलाई आफ्नो राजनीतिक स्पेस निर्माण गर्ने चुनौती बढ्दो थियो । यहीबीच उनले विप्लवसँग सहमति गर्दै यो प्रतिबन्ध फुकुवा गराउँदै छ्। मन्त्रिपरिषद् बैठकले यसको औपचारिक निर्णय गर्ने छ । यस कदमले ओलीलाई आफ्नो औचित्य देखाउने एउटा मौका मिल्न सक्ने छ ।

विगत सशस्त्र युद्धकाल, अनि शान्ति प्रक्रियाको सुरुवाती कालमा विप्लवका 'सुप्रिमो' रहेका प्रचण्ड यसबीचमा ओलीसँग मिल्न पुगे । विप्लव स्वयं चाहिँ त्यसअगावै प्रचण्डसँग टाढिएर अर्को 'जनयुद्ध'को तयारी गर्ने ध्याउन्नमा थिए । ओलीसँग मिलेर प्रचण्डको मनसुबा पूरा भएन । अनि अर्को प्रचण्ड बन्ने विप्लव स्वयं पनि ठक्करै ठक्कर पाएर हैरान थिए । उनलाई आम समर्थन मिल्ने सम्भावना झनै थिएन । आज प्रचण्ड ओलीसँग रुष्ट बन्दै माधव नेपाल पक्षसँग मिल्नु, अनि आफूसँग विगतमा टाढिएका विप्लव चाहिँ ओलीसँग नजिक आउनुले कम्युनिस्ट खेमाभित्रका अलग धारहरूको अन्तर्घुलनलाई प्रतिविम्बित गर्छ । यो सहमतिको अन्तर्यमा विप्लव र ओली दुवैको राजनीतिक बाध्यता छ । अनि दुवैमा प्रचण्ड-माधव पक्षलाई 'देखाइदिने' ईख-ईबी पनि प्रष्ट छ । तर, जे कारणले यो राजनीतिक सहमति बनेको भए पनि 'इमानदार कार्यान्वयन' भए देशको हितैमा हुनेछ । यो नेपाल हो, जहाँ प्रत्येक राजनीतिक नेतृत्वको इमानदारीप्रति भने काफी आशंकाहरू उठ्ने गर्छन् । त्यस्तो नहोस् । एबिसी न्युजबाट

# तीन दिने जिल्ला समन्वय प्रमुखको भेला

जलेश्वर, २० फागुन (रासस) ।

सातवटै प्रदेशका प्रत्येक जिल्ला समन्वय समिति प्रमुखको शुक्रबारदेखि तीन दिनसम्म महोत्तरीको जलेश्वरमा भेला हुने भएको छ । जिल्ला समन्वय समितिको प्रदेशस्तरीय विस्तारित भेलामा देशका प्रत्येक जिल्लाका समन्वय समितिका प्रमुख आउने भएका छन् ।

जिल्ला समन्वय समिति महासङ्घका केन्द्रीय अध्यक्ष सीताकुमारी सुन्दाससहित देशभरिका समन्वय प्रमुख उपस्थित हुने महोत्तरीका अध्यक्ष एवं समन्वय समिति महासङ्घ प्रदेश नं २ का अध्यक्ष रहनुभएका सुरेशप्रसाद सिंहले बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिनुभयो ।

संविधानले जिससलाई प्रदान गरेको अधिकार अहिलेसम्म प्रदेशलाई प्रदान नगरेको कुरालाई लिएर विस्तारित भेला गर्न लागिएको उहाँले बताउनुभयो । जिल्ला समन्वय समितिको भूमिका, प्रभावकारिता तथा अन्य प्रदेशमा समन्वय समितिले गरेका कामकाजको अनुभव साटासाटको

बाँकी अन्तिम पृष्ठमा

# बुद्धएयरले जनकपुर-अयोध्यामा उडान गर्ने

काठमाडौं, २० फागुन (रासस)।
निजी क्षेत्रको अग्रणी हवाई सेवा प्रदायक कम्पनी बुद्धएयरले धार्मिक पर्यटन प्रवर्द्धनार्थ नेपालको जनकपुरबाट भारतको अयोध्यामा सिधा उडान सञ्चालन गर्ने भएको छ। पौराणिक, धार्मिक सम्बन्ध रहिआएको जनकपुरधाम र अयोध्याको महत्वलाई दर्शाइ धार्मिक पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले यो गन्तव्यमा उडान विस्तार गर्न लागिएको कम्पनीले जनाएको छ।

'सीताराम' सम्बन्ध त्रेतायुगदेखि नै चलिआएको छ। यस पौराणिक, धार्मिक सम्बन्धको साक्षी जनकपुरधाम र अयोध्या शहरलाई जोड्नका लागि उडान सञ्चालनको तयारी गरिएको हो। बुद्धले जनकपुरबाट अयोध्यामा विस्तार भइरहेको विमानस्थलमा सिधा उडान अनुमतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) मा निवेदन दिएको छ। प्रदेश नं २ सरकारलाई पनि बोधार्थ पठाइएको छ।

तीन वर्षअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका बेला जनकपुर र अयोध्यालाई भगिनी शहरका रूपमा विकास गर्ने, रामायण सर्किट बनाउनेजस्ता सहमति भएको थियो। जनकपुरधामबाट अयोध्यामा निर्माणाधीन विमानस्थलको उडान ५० मिनेटको हुनेछ। यस उडानबाट दुवै देशका धार्मिक पर्यटकले मनग्ये लाभान्वित हुने कम्पनीको विश्वास छ।

जनकपुर विमानस्थल आन्तरिक विमानस्थल भएकाले अन्तर्राष्ट्रिय उडानका लागि भन्सार र अध्यागमन कार्यालय स्थापना गर्न सरोकारवाला निकायले पनि सहजीकरण गरिदिएको खण्डमा निकट भविष्यमा यो गन्तव्यबाट भारतीय पर्यटकको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।

कोभिड-१९ पछिको उडान बजारमा आफ्नो उपस्थिति बलियो बनाउन बुद्धले आक्रामक बजार विस्तार गर्न लागेको विज्ञप्तिमार्फत जनाएको छ। हरेक गन्तव्यमा यात्रुको चाप हेरी थप उडान भरिनेछ। बुद्धएयरसँग अहिले नौ थान एटिआर-७२, तीन थान एटिआर-४२ र दुई थान बीचक्राफ्ट गरी १४ जहाज छन्। कोभिडका कारण शिथिल भएको हवाई क्षेत्रलाई चलायमान बनाउन बजार विस्तारसहित उपस्थिति जनाउने कम्पनीको योजना छ। अहिले बुद्धले दैनिक १२० उडान गरिरहेको छ। उडान सङ्ख्या बढे पनि विदेशी पर्यटक नआएसम्म पूर्ववत अवस्थामा फर्कन कठिन हुने बुद्धएयरका बजार निर्देशक रुपेश जोशीले बताउनुभयो।

बुद्धले पोखराका लागि दैनिक नौ, विराटनगरका लागि आठ, भैरहवा सात, सिमरा, भरतपुर, भद्रपुर पाँच, जनकपुर, नेपालगञ्जका लागि दैनिक चार उडान गर्दै आएको छ। अन्य गन्तव्यमा पनि यात्रुको चाप हेरी उडान विस्तार गर्ने बुद्धएयरले जनाएको छ।

बुद्धएयरलले अहिले भद्रपुर, तुम्लिङटार, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, भैरहवा, नेपालगञ्ज, सुर्खेत र धनगढीमा उडान गरिरहेको छ। यीबाहेक काठमाडौँ र पोखराबाट पर्वतीय उडान पनि सञ्चालन गरिरहेको छ। भारतको वनारस उडान दुवै देशको स्वीकृतपछि पुनः उडान सञ्चालन गर्ने योजना रहेको कम्पनीले उल्लेख गरेको छ।

# मल आपूर्ति तथ्य र आवश्यकताका आधारमा गरिने छ : कृषिमन्त्री

काठमाडौँ, २० फागुन (रासस)।
कृषि तथा पशुपन्छी विकासमन्त्री पद्माकुमारी अर्यालले किसानलाई पर्याप्त मात्रामा मल उपलब्ध गराइने बताउनुभएको छ। मन्त्रालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उहाँले मलको सहज आपूर्ति गर्ने दिशामा सरकार अघि बढेको र अब अभाव नहुने बताउनुभयो।उहाँले अब मल आपूर्ति अनुमानमा नभई तथ्य र आवश्यकताका आधारमा गरिनेसमेत स्पष्ट पार्नुभयो।

"मलको आपूर्ति अनुमानका आधारमा होइन, तथ्य र आवश्यकताका आधारमा गर्ने गरी प्रदेशहरुसँग आवश्यकताको माग गरिएको छ। त्यसका आधारमा प्रबन्ध गरिनेछ", उहाँले भन्नुभयो।मन्त्री अर्यालले दीर्घकालीनरूपमै मलको समस्या समाधान गर्ने तयारीसमेत भइरहेको जानकारी दिनुभयो। उहाँले रासायनिक मलको कारखाना खोल्नका लागि प्रक्रियासमेत अगाडि बढिसकेको बताउनुभयो।

"अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति र कृषि मन्त्रालयका सचिवलाई कारखाना उद्योग खोल्नका लागि कार्ययोजना तयार गर्न भनेका छौँ", उहाँले भन्नुभयो, "कार्ययोजना प्रस्तुत गरेपछि मन्त्रिपरिषद्मा उद्योग खोल्नका लागि प्रस्ताव लगिने छ।"

चालू आर्थिक वर्षमा पाँच लाख मेट्रिक टन मल (युरिया मल दुई लाख ८२ हजार ५००, डिएपी दुई लाख दुई हजार ५०० र पोटास १५ हजार) आयात गर्ने लक्ष्य रहेको मन्त्री अर्यालले बताउनुभयो। सोमध्ये चालु आवमा एक लाख ८७ हजार मेट्रिक टन मल बिक्री भइसकेको तथा एक लाख ६२ हजार मेट्रिक टन मौज्दात र दुई लाख ६९ मेट्रिक टन मल नेपाल भित्रिने क्रममा छ।

मलको समस्या रहिरहन नदिन सातै प्रदेशमा मल भण्डारणको व्यवस्था गरिने उहाँको भनाइ थियो। मन्त्रालयका सचिव योगेन्द्रकुमार कार्कीले भदौ-असोजमा मल ल्याउन थालिए पनि ढिला भएकाले अब आउने मल किसानका लागि पर्याप्त हुने बताउनुभयो। उहाँका अनुसार रासायनिक मात्र नभएर प्राङ्गारिक मललाई पनि सरकारले प्राथमिकतामा राखेको छ।

उहाँले सबै पालिकामा 'भकारो सुधार' कार्यक्रमलाई पुनः सञ्चालन गरेर प्राङ्गारिक मल उत्पादन गरिने बताउनुभयो। मन्त्रालयका प्रवक्ता श्रीराम घिमिरेले दुई लाख मेट्रिक टन मल आगामी धान यामका लागि मौज्दात रहेको बताउनुभयो। उहाँका अनुसार पाँच/सात वर्षसम्म आपूर्ति गर्नका लागि सरकारले सरकारबाट सरकार (जिटुजी) का माध्यमबाट मल खरीद गर्ने तयारी गरेको छ।

उहाँका अनुसार पछिल्ला तीन वर्षको बिक्रीका आधारमा साउनदेखि असोजसम्म एक लाख तीन हजार मेट्रिक टन मल खपत हुने अनुमान गरिएको छ। जुन यस आवकै बाँकी मलबाट पूर्ति हुने देखिन्छ। आगामी आवको बजेटबाट व्यवस्था हुने गरी प्रथम चौमासिकमा करीब तीन लाख मेट्रिक टन मल आपूर्तिका लागि यही महिनादेखि आयात प्रक्रिया शुरु गरिने उहाँले जानकारी दिनुभयो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# विश्व समाचार

## म्यान्मारमा सेनाको गोली लागेर ३८ को मृत्यु

याङ्गुन, २० फागुन (रासस/एएफपी)।
म्यान्मारको सेनाले सत्ता लिएको विरोधमा सहभागी प्रजातन्त्रवादी प्रदर्शनकारीमाथि सुरक्षाकर्मीले चलाएको गोली लागेर बुधबार एकै दिन कम्तीमा ३८ जना प्रदर्शनकारीको मृत्यु भएको छ।

म्यान्मारको सेनाले गत फेब्रुअरी १ मा सत्ता लिएयता एकै दिन यति ठूलो संख्यामा प्रदर्शनकारीको मृत्यु भएको यो पहिलो घटना हो।

अनलाइनमा सार्वजनिक तस्वीरमा सुरक्षाकर्मीले प्रदर्शनकारीमाथि गोली चलाएको र घाइते प्रदर्शनकारीका शरीर रगतपच्छे भएको देखिएको छ।

बुधबारको हिंसापछि अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले म्यान्मारको घटनाबाट अमेरिका स्तब्ध भएको प्रतिक्रिया दिनु भएको छ।

उहाँले म्यान्मारको सैनिक दमनका विरुद्धमा विश्वका सबै मुलुकले निन्दा र भर्त्सना गर्नुपर्नेमा जोड दिनुभयो।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले म्यान्मारमा जारी दमन तत्काल रोक्न आग्रह गर्नुभएको छ। सेनाले सत्ता लिएयता ५० जनाभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको म्यान्मारका लागि राष्ट्रसङ्घका प्रतिनिधि स्रानर बर्गेनरले बताउनु भएको छ।

बिहीबार प्रदर्शनकारीले याङ्गुन र मन्डाले शहरका साथसाथै अन्य शहर बजारमा जुलुस निकालेका छन्।

सुरक्षाकर्मीले गत फेब्रुअरी १ यता हालसम्म झण्डै एक हजार ५०० प्रदर्शनकारीलाई गिरफ्तार गरिसकेको छ।

सेनाले म्यान्मारकी नेतृ आङ सान सुकीसमेत उहाँको दल नेसनल लिग फर डेमोक्रेसीका ठूलो संख्याका नेता एवं कार्यकर्ता नजरबन्दमा राखेको छ।

## हिंसा पीडित ३८ लाख नागरिकलाई मानवीय सहायता प्रदान

आदिस अबाबा, २० फागुन (रासस/सिन्ह्वा)।
इथियोपियाको उत्तरी टिग्रे क्षेत्रमा कम्तीमा पनि ३८ लाख नागरिकलाई मानवीय सहायता उपलब्ध गराइएको छ।

सो क्षेत्रमा खाद्यान्नलगायतका सामग्रीको आवश्यकता परेको भन्दै यहाँका नागरिकलाई सो सहायता प्रदान गरिएको हो। यहाँका अधिकारीले करिब आठ लाख किलोग्राम जति खाद्यान्नका साथै अरु सामग्री पनि उपलब्ध गराइएको बताइएको छ।

इथियोपियाको प्रधानमन्त्री कार्यालयले बिहीबार एक विज्ञप्ति प्रकाशन गरेर सो कुराको जानकारी दिएको हो। सो क्षेत्रमा टिग्रे पिपुल्स लिबरेसन फन्टको सशस्त्र विद्रोह रहेको थियो।

हाल पनि सो क्षेत्रमा उक्त फन्टको विद्रोह जारी रहेको छ। उक्त विद्रोहमा परेर हजारौं नागरिकले ज्यान गुमाएका छन् भने अरु हजारौं सो क्षेत्रबाट विस्थापित भएर अन्यत्र सरेका छन्।

त्यसैले सो क्षेत्रमा सरकारी निकायका अधिकारीको उपस्थिति पनि हुन दिइएको छैन। जसका कारण यहाँका स्थानीय नागरिक द्वन्द्वको चपेटामा परेका छन् र खाद्यान्न लगायतका अरु अत्यावश्यकीय साधनको अभावमा परेका छन्।

यहाँका सरकारी निकायको तथ्याङ्कअनुसार इथियोपियामा अझै पनि करिब ४५ लाख मानिसलाई तत्काले खाद्यान्न लगायतका आवश्यकीय सामग्रीको खाँचो छ। तीमध्ये अधिकांश नागरिक हिंसाको चपेटामा परेका नागरिक हुन्।

टिग्रेको द्वन्द्वका कारण मात्र यहाँका करिब २२ लाख मानिस विस्थापित भएका छन्। उनीहरु कतिपय इथियोयामा नै शरणार्थी भएर रहेका छन् भने अरु कैयौं नागरिक विस्थापित भएर विदेशिन बाध्य भएका छन्।

## बम राखिएको हल्लापछि ताजमहल बन्द

नयाँ दिल्ली, २० फागुन (रासस/सिन्ह्वा)।
भारतीय उत्तरी राज्य उत्तर प्रदेशमा अवस्थित एक प्रसिद्ध पर्यटकीय संरचना ताजमहलमा बम राखिएको भन्ने सूचनापछि बिहीबार सो ताजमहल बन्द गराइएको समाचारमा जनाइएको छ।

यहाँका स्थानीय सञ्चारमाध्यमले सो समाचारपछि बिहीबार बिहानदेखि अहिलेसम्म बन्द गराइएको जनाएका छन्। साथै सो ताजमहलभित्र रहेका विभिन्न विदेशी तथा स्वदेशी पर्यटकलाई बाहिर निस्किन स्थानीय सुरक्षा अधिकारीले सूचना जारी गरेका छन्।

बिहीबार सो ताजमहलमा कम्तीमा पनि एक हजार जना पर्यटक रहेका र उनीहरुलाई सो ताजमहलको परिसरबाट बाहिर निस्किन सूचना जारी गरिएको समाचारमा जनाइएको छ।

एकजना अज्ञात व्यक्तिले त्यहाँ बम रहेको सूचना फोनबाट यहाँका स्थानीय सुरक्षा अधिकारीलाई गराएका थिए। त्यसपछि उक्त स्थान खाली गराएर बम रहे नरहेको बारेमा अनुसन्धान गर्ने काम भइरहेको पनि अधिकारीले जानकारी दिएका छन्।

बमको यो हल्लाले पर्यटकीय सहर आग्रामा पनि सतर्कता अपनाइएको छ। उक्त ताजमहल यहाँका मुगल सम्राटले आफ्नी श्रीमती मुमताज महलको स्मृतिमा सन् १६५३ मा निर्माण गरेका हुन्।

## हवाई कारबाहीमा २३ लडाकू मारिए

मैमाना, अफगानिस्तान, २० फागुन (रासस/सिन्ह्वा)।
अफगानिस्तानको उत्तरी प्रान्त फर्याबको काइसार र आल्मार जिल्लामा लुकेर बसेका तालिबान लडाकूविरुद्ध सेनाको लडाकू विमानद्वारा गरिएको एक कारबाहीमा परी कम्तीमा २३ तालिबान लडाकू मारिएका उत्तरी क्षेत्रका सेनाका प्रवक्ता मोहमद हानीफ रेजाई बिहीबार बताउनु भएको छ। यस कारबाहीको क्रममा तालिबानतर्फका अन्य सात लडाकू घाइते भएका छन्। फर्याब प्रान्तमा सक्रिय रहेका तालिबान लडाकू समूहले यस विषयमा कुनै टिप्पणी गरेका छैनन्।

# तिलाठी कोइलाडीद्वारा रुपनीगाउँपालिका पराजित



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

राजविराज प्रिमियर लिग अन्तरगत बिहिबार सम्पन्न खेलमा तिलाठी कोइलाडी गाउँपालिकाले रुपनी गाउँपालिकालाई ३० रनले पराजित गरेको छ ।

टस जितेर पहिले ब्याटिङ्ग गरेको तिलाठी कोइलाडी गाउँपालिका टिमले निर्धारित १४ ओभरमा ७ विकेट गुमाई १ सय १४ रन बनाएको थियो । जसमा अमित मण्डलले सर्वाधिक ३६, साकेत सिंहले २९ र सुरज मण्डलले २७ रनको योगदान गरेका थिए । रुपनी गाउँपालिकाको तर्फबाट अशोक मेहताले २ तथा चन्दन झा र जय चौधरीले १/१ विकेट लिएका थिए ।

जितको लागि १४ ओभरमा ११५ रनको लक्ष्य पछ्याएको रुपनी गाउँपालिकाको टिम निर्धारित १४ ओभरमा ३ विकेट गुमाएर ८४ रन जोड्न सकेको थियो । रुपनीका लागि गुणानन्द रायले अविजित २५, जय चौधरीले अविजित २३ तथा विवेक चौधरीले १४ रनको योगदान गरेका थिए ।

तिलाठी कोइलाडीका दिपेश सरदार र अजय मरिकले १/१ विकेट लिएका थिए । उक्त खेलमा तिलाठी कोइलाडीका साकेत सिंहलाई म्यान अफ द म्याच घोषित गरियो ।

### *बलात्कार ...*

ल्याएको छ ।

उनीमाथि आवश्यक कारवाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले बताउनुभयो । आमासँगै जिल्ला प्रहरी कार्यालय पुग्नुभएकी पीडितले दिएको उजूरी जिल्ला प्रहरी कार्यालयले गत माघ ९ गते दर्ता गरेको थियो । खडक-६ स्थित पूर्वपश्चिम राजमार्गमा रहेको आँपका बगैंचामा विसं २०७६ फागुन १० गते आरोपितले बलात्कार गरेको पीडितले बताउनुभयो ।

# सरकार र विप्लव समूहबीच तीन बुँदे सहमति

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सरकार र प्रतिबन्धित नेकपा विप्लव समूहबीच बिहीबार तीन बुँदे सहमति भएको छ ।

सहमतिपछि सरकारले यस समूहमाथिको प्रतिबन्ध समेत हटाउने भएको सरकारी वार्ता टोलीका सदस्य राजन भट्टराईले जानकारी दिएका छन् ।

सहमतिसँगै पक्राउ परेका सम्पूर्ण बन्दीको रिहाइ र मुद्दा खारेजी गर्ने सहमति समेत भएको छ । नेकपा विप्लव समूह आफ्ना सम्पूर्ण राजनीतिक विषयहरूको समाधान संवादका माध्यमबाट गर्न तयार भएको वार्ता टोली सदस्य भट्टराईले बताए ।

वार्ताका लागि सरकारले गृहमन्त्री रामबहादुर थापा 'बादल'को संयोजकत्वमा र विप्लव समूहले पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'को नेतृत्वमा वार्ता टोली गठन गरेको थियो ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओली र नेत्रविक्रम चन्द विप्लवले एउटै मञ्चबाट फागुन २१ गते संयुक्त सम्बोधन गर्ने कार्यक्रम तय भएको छ ।

सरकारी वार्ता टोलीका सदस्य राजन भट्टराईका अनुसार राष्ट्रिय सभागृहमा विशेष समारोह आयोजना हुने छ । सोही समारोहबाट सहमतिको विस्तृत विवरण सार्वजनिक गरिने छ ।

विप्लव नेतृत्वको नेकपाले आफ्ना सम्पूर्ण राजनीतिक क्रियाकलापहरु शान्तिपूर्ण रुपमा संचालन गर्ने उल्लेख छ । हत्या हिंसामा लागेको भन्दै सरकारले विप्लव समूहमाथि २८ फागुन २०७५ मा प्रतिबन्ध लगाएको थियो ।

### *तीन दिने ...*

महापर्वका रुपमा कार्यक्रम आयोजना गरिएको उहाले जानकारी दिनुभयो ।

साथै कार्यक्रमका माध्यमले आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सहभागीलाई महोत्तरीका साथै प्रदेश नं २ का पौराणिक एवं ऐतिहासिकस्थलको अवलोकन भ्रमण गराएर यहाँका शिक्षा, स्वास्थ्य, सडक, रोजगारीलगायत यथार्थ जानकारी गराइने उहाँले बताउनुभयो ।

जिल्ला समन्वय समिति महासंघको २९ केन्द्रीय कार्य समितिका पदाधिकारीसहित देशभरिका १२० पदाधिकारीसहित २५० जना देशभरबाट सो कार्यक्रममा सहभागी हुनेछन् ।

# देशभरका अदालतमा शोक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सर्वोच्च अदालतको पूर्वप्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहको निधनमा शोक मनाउन बिहीबार देशभरका अदालतमा शोक बिदा दिएको छ ।

पूर्वप्रधानन्यायाधीश सिंहको यही फागुन १८ गते साँझ निधन भएको थियो । सर्लाही जिल्लामा १९८८ साल फागुन ३ गते जन्मेका सिंहले २०१० सालदेखि सरकारी सेवामा अप्रिन्टिसको पदबाट सेवा प्रारम्भ गरी २०५२ साल असोज १० गते प्रधानन्यायाधीश पदमा नियुक्त भएका थिए । उनले २०५३ फागुन ३ गतेसम्म प्रधानन्यायाधीशका रुपमा काम गरेका थिए ।

संविधान र कानूनका क्षेत्रमा दख्खल राख्ने निर्भिक, अत्यन्त मिलनसार स्वभावका स्व सिंह न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व थिए ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np